# बराहक्षेत्र नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## पशु सेवा शाखा
चक्रघट्टी, सुनसरी
१.नं.प्रदेश नेपाल

**प्रथम पटक प्रकाशीत मितिः२०७७/१०/१४**

**बोलपत्रको सूचना**

यस बराहक्षेत्र नगरपालिकाको पशु सेवा शाखाको आ.व.२०७७/०७८ को स्विकृत कार्यक्रम अन्तर्गत दुहना गाई उपलब्ध गराई वितरण गर्नका लागी खरिद गर्नु पर्ने भएको हुँदा ईच्छुक पशुपालक फर्महरुबाट यो सूचनाको अवधि भित्र तपशिलमा उल्लेखित शर्तहरुको अधिनमा रही बोलपत्र पेश गर्न आव्हान गरीएको छ।बोलपत्र सम्बन्धी बिस्तृत विवरण शर्तहरुको सूचना यस कार्यालयको वेवसाईट WWW.barahamun.gov.np वा सार्वजनिक खरिद अनुगमन कार्यालयको वेबसाइट www.bolpatra.gov.np/egp मा गई डाउनलोड गरी हेर्न सकिनेछ ।

**शर्तहरुः-**

१. बोलपत्र फारम दस्तुर रु.३,०००।—(तिन हजार रुपैया मात्र) फिर्ता नहुने गरि कार्यालयको मेगा बैङ्क चक्रघट्टी शाखामा रहेको आन्तरिक राजश्व खाता नं ०२२००१८२५३१२२ मा जम्मा गर्नु पर्नेछ । बोलपत्र फारम यो सूचना प्रकाशित भएको मितिले ३१औ दिनको १२:०० सम्ममा बिधुतिय प्रणाली मार्फत बोलपत्र पेश गरी सक्नु पर्नेछ । दर्ता हुन आएका बोलपत्र सोही दिन ठिक २:००बजे यसै कार्यालयका प्रतिनिधि र बोलपत्र दाता वा निजहरुका प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ, सो समयमा बोलपत्र दाता वा निजहरुका प्रतिनिधीहरुको उपस्थिती नभए पनि बोलपत्र खोल्न बाधा पर्ने छैन ।

२ बोलपत्र साथ अध्यावधि (नविकरण) भएको फर्मको ईजाजत पत्र, प्यान दर्ता प्रमाण पत्र (आ.व.२०७६/०७७ को) कर चुक्ता प्रमाण पत्र को प्रतिलिपि संलग्न गर्नु पर्नेछ।

३. बोलपत्र पेश गर्दा तपशिलको रकम बराहक्षेत्र नगरपालिकाको कार्यालयको नाममा रहेको मेगा बैङ्क लिमिटेड नेपाल चक्रघट्टी शाखामा रहेको धरौटी खाता नं.०२२००१०११७४०४ मा जम्मा गरी सो को स्क्यान कपि वा मान्यता प्राप्त बैङ्क वा बित्तिय संस्थाको १२० दिन म्याद भएको बिडबण्डको स्क्यान कपि बोलपत्र साथ संलग्न गर्नु पर्नेछ।

४. प्राप्त बोलपत्र मध्ये सबैभन्दा कम कबोल गर्ने फर्मको बोलपत्र स्वीकृत गर्न सकिने छ।

५. प्राप्त बोलपत्र स्वीकृत गर्ने वा आंशिक स्वीकृत गर्ने, घटी वा बढी अंङ्क वालालाई दिने वा नदिने सो सम्वन्धि सम्पूर्ण अधिकार कार्यालयमा सुरक्षित रहनेछ।

६. बोलपत्र शर्त रहित हुनु पर्ने छ। समयमा प्राप्त नभएको, रित नपुगेको, सूचनाको शर्त विपरित भएको बोलपत्र माथि कुनै कार्वाही हुने छैन।

७. बोलपत्र खरिद वा दर्ता गर्ने फर्म हरुले कामको सम्वन्धमा राम्रो संग बुझि बोलपत्र पेश गरेको हुनु पर्ने छ।

८. बोलपत्र भर्दा केरमेट नगरी प्रष्ट रुपमा अंक र अक्षर दुवैमा उल्लेख गर्नु पर्दछ। अंक र अक्षरमा उल्लेख भएको दर रेटमा फरक परेमा अक्षरलाई मान्यता दिइनेछ।

९. बोलपत्र खरिद गर्ने वा बुझाउने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा सोको भोलि पल्ट सो कार्यहरु हुनेछ।

१०. बोलपत्र दाताले नक्कली कागजात पेश गरेको पाइएमा निज बोलपत्र दाताको बोलपत्र रद्द गरी कालो सुचीमा समावेस गर्न सम्वन्धित निकायमा सिफारिस गरिनेछ। साथै निजको जमानत समेत जफत हुनेछ।

११.नियमानुसार तिर्नु बुझाउनु पर्ने कर दस्तुर आदी बोलपत्र पेश गर्ने फर्म स्वयमले व्यहोर्नु पर्नेछ।

१२. स्वीकृत भएको बोलपत्र दाताले गाईहरु नगरपालिका क्षेत्र भित्र कार्यालयले तोकेको स्थानमा उपलब्ध गराउनु पर्नेछ

१३. बोलपत्र स्वीकृत भएपछि आवश्यकता अनुसार कार्यालयबाट आदेश दिइने छ र उपलब्ध गराउनु पर्नेछ। बोलपत्र दाताले उपलब्ध गराएको गाई उल्लेखित शर्त भन्दा फरक भएमा गाई फिर्ता गरिनेछ र सो को भुक्तानी गरीने छैन।

१४. यस सूचना सम्बन्धी कुनै कुरा बुझ्नु परेमा बिमल अधिकारी फोन नं ९८४२१९८२२६ मा सम्पर्क गरी बुझ्न सकिनेछ ।

१५. सूचनामा उल्लेख भएको कामको बिबरण मु.अ.कर नलाग्ने भएको हुदा बोलपत्र दाताले कबोल गरेको मु.अ.कर बाहेकको रकमलाई नै साकार रकम मानिनेछ ।

१६. यस सूचनामा लेखिएका कुरा यसै बमोजिम र अन्य कुराको हकमा सार्वजनिक खरिद ऐन, नियमावली र प्रचलित कानुन अनुसार हुनेछ।

**तपशिलः**

| सि.नं. | ठेक्का नं. | कामको विवरण | लागत अनुमान | बोलपत्र दस्तुर | धरौटी रकम रु. |
|---|---|---|---|---|---|
| १ | ३१/२०७७/०७८ | जर्सी जातको दुहुना गाई, दुई वेत( दोस्रो) सम्मको, ८ लिटर देखी माथि दुध दिने, व्याएको दिन देखि ५० दिन भित्रका दुहुना गाई हुनु पर्ने छ। नगरपालिका भित्र ढुवानी समेत | १,६०,००००० । | ३००० । | ४,८०,००० ।- |

**प्रमुख प्रशासकीय अधिकृत**